नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत पाटनमा मिति २०७९।०६।२५ गते दायर गरिएको ।

**१. अभियुक्तको विवरणः**

- लुखु गाउँपालिका-३, बाघे, नुवाकोट स्थायी वतन भई महालक्ष्मी नगरपालिका -२३ धापाखेल, ललितपुर बस्ने रामशरण बोगटी ।
- मिर्चैया नगरपालिका-२, मल्हनिया खोरी, सिरहा बस्ने अमितकुमार साह ।
- पञ्चदेवल विनायक नगरपालिका-१, सीमटोल, अछाम स्थायी वतन भई हाल महालक्ष्मी नगरपालिका -४ ईमाडोल, ललितपुर बस्ने नमराज तिमिल्सैना ।
- पञ्चदेवल विनायक नगरपालिका-१, सीमटोल, अछाम बस्ने तिर्थ राज ढकाल ।

**२. कसूरको संक्षिप्त विवरणः**

प्रतिवादीहरूले भारतमा उत्पादित बिल बिजक तथा भन्सार प्रज्ञापनपत्र लगायतका कागजात नभएका २४ कार्टुन (३११.०४ केजी) रजनीगन्धा, दर्ता भए भन्दा फरक नम्बरको प्लेटको ढुवानी साधन (ट्रक) को प्रयोग गरी त्यसमा नेपाली सेनाको लोगो सहितको व्यानर समेत टाँस गरी ढुवानी गरी काठमाण्डौ लगायतका क्षेत्रमा वेचविखन गर्ने र सोबाट प्राप्त आय मा प्रचलित कानून वमोजिम नेपाल सरकारलाई तिर्नु /बुझाउनुपर्ने राजस्व नबुझाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संसोधन सहित) को दफा ३ र ४ (क) (ख) (छ) र (झ) बमोजिमको राजस्व चुहावटको कसुर गरेको ।

**३. कायम भएको बिगो र सजायको मागदावीः**

प्रस्तुत कसूरमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन , २०५२ (संसोधन सहित) को दफा २ (छ१) (ङ) बमोजिम रु. १८,४६,७३४।- (अठार लाख छयालीस हजार सात सय चौतिस) विगो कायम गरी सोही ऐन को दफा २३(१) बमोजिम बरामद मालवस्तु (विगो) जफत र जरिवाना गरी ऐ दफा २३(१)(क) बमोजिम कैद सजाय र प्रतिवादी नमराज तिमिल्सैनालाई ऐ.ऐनको दफा २३(३) बमोजिमको कसूरमा ऐ. दफा २३(३) बमोजिम सजाय गरी पाउन तथा प्रतिवादी तिर्थराज ढकालको हकमा रजनीगन्धा ओसारपसारमा संलग्न बरामदीत ट्रक सिप्रदी ट्रेडिङ्ग प्रा.लि.बाट सुरजनमाला जनरल स्टोर (स्थायी लेखा नम्बर ६०२०७५४८६) का प्रोप्राईटर तिर्थराज ढकालले खरिद गरी ऋणी देखिएको हुँदा बरामद भएको ट्रक सोही ऐनको दफा ३३(१) बमोजिम जफत हुन मागदावी लिने प्रयोजनको लागिसम्म प्रतिवादी कायम गरी अभियोगपत्र दायर गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**


कन्ट्रोयाल रुम ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स ५५४२०२३, टोल फ्री नम्बर १६६०-०१-५५०००,
ईमेल- info@dri.gov.np, वेभसाईट- www.dri.gov.np